# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुंगा

**मालसामान खरिद सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना ।**
**(सुचना प्रकाशित मिति : प्रथम पटक २०८०।०१।०३)**

यस कार्यालयको लागि तपसिल बमोजिमको मालसामान विधुतिय/Hard Copy को माध्यमबाट गराउनुपर्ने भएको हुदाँ सिलवन्दी दरभाउपत्र इजाजत प्राप्त पत्र ईच्छुक फर्म तथा सप्लायर्सहरुबाट निम्न शर्तको अधिनमा रहि रितपूर्वकको दरभाउपत्र आव्हान गरिएको छ ।

१. सिलवन्दी दरभाउपत्र पेश गर्न चाहाने दरभाउपत्रदाताहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको e-Gp प्रणालिको www.bolpatra.gov.np /egp बाट वा यस कार्यालयमा ईजाजत पत्र, स्थायी लेखा नं. प्रमाण पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणीत प्रतिलिपी, आ.व. २०७८।७९ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी, निवेदन र दरभाउपत्र सम्वन्धी कागजात वापतको रकम (पछि फिर्ता नहुने) तपसिलको बैकमा दाखिला गरेको सक्कल भौचर सहित सुचना प्रकासन भएको मितिले १५ औं दिन कार्यालय समय भित्र ईच्छुक दरभाउपत्रदाताले दरभाउपत्र सम्वन्धित कागजात खरिद गर्न सकिने छ ।

**दरभाउपत्र सम्बन्धी कागजात वापतको दस्तुर दाखिला गर्ने बैंकको विवरण :**

**बैकको नाम:** राष्ट्रिय वाणिज्य वैक शाखा कार्यालय ओखलढुंगा
**कार्यालयको नाम:** सिद्धिचरण नगरकार्यपालिकाको कार्यालय ओखलढुंगा **बैक खाता नं.:** २०७०१००३०१०१०००३

२. दरभाउपत्र पेश गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयको e-Gp प्रणालिको www.bolpatra.gov.np /egp वा यस कार्यालयमा खरिद गरिएको दरभाउपत्र फारमहरुमा उल्लेख भएका सवै विवरणहरु भरि दरभाउपत्रदाताले प्रत्येक पानामा सहिछाप गरि सिलवन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण, प्रोपाईटरको नाम, सर्म्पक नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० भित्र यस कार्यालयमा दर्ता गर्न सकिने छ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन ।

४.दर्ता भएको सिलवन्दी दरभाउपत्र सुचना प्रथमपटक प्रकाशित भएको मितिले १६ औ दिनको १४:०० वजे कार्यालय प्रतिनिधि तथा दरभाउपत्रदाताको रोहवरमा खोलिने छ । (दरभाउपत्रदाताको अनुपस्थित भएमा पनि खोल्न बाधा पर्ने छैन)

५.दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोहि समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईने छ ।

६. सिलवन्दी दरभाउपत्र फारम साथ दरभाउपत्र जमानत बापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय ओखलढुंगा स्थित धरौटी खाता नम्बर २०७०१००३०३००००३ मा जम्मा गरेको सकल भौचर( दोश्रो प्रति) वा नेपाल राष्ट्र बैंकबाट "क"वर्गको ईजाजत प्राप्त बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र जमानतपत्र पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य अवधि बोलपत्र मान्य हुने अवधि भन्दा दरभाउपत्रको हकमा कम्तिमा पनि ७५ दिन बढी हुनु पर्नेछ ।

७. दरभाउपत्रमा आईटम वाईज दर, अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्ने छ, अंक र अक्षरमा फरक परेमा अक्षर लेखेकोलाई मान्यता दिईने छ ।

८. सयूक्त उपक्रमको माधयमवाट काम गर्न ईच्छुक दरभाउपत्रदाताले सयूक्त उपक्रम सम्वन्धि सम्झौताको सक्कल दरभाउपत्र कागजात साथ अनिवार्य पेश गर्नुपर्ने छ ।

९. सिद्धिचरण नगरपालिकाको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

१०. कामको गुणस्तर स्वीकृत स्पेशिफिकेशन अनुसार हुनुपर्ने छ , दरभाउपत्रदाताले निमार्ण स्थल र साम्पादन गर्ने कामको सम्वन्धमा राम्रो संग बुझि दररेट भरेको मानिने छ ।

११. शर्त रहेको, रित नपुगेको तथा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कार्वाही हुने छैन ।

१२. यो सूचनामा स्पष्ट नभएका कुराहरुको हकमा सावर्जनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार हुनेछ ।

**तपसिल**

| ठेक्का नं | विवरण | लागत अनुमान ( मु.अ.क.सहित) | दरभाउ फारम दस्तुर | जमानत रकम | दरभाउ पेश गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|
| Goods/23/079/80 | ई-हाजीरी खरिद तथा जडान | १६,५४,५०८/३३ | १,०००/- | ४१,५००/- | २०८०/०१/१९ |
| Goods/24/079/80 | सर्भर व्यवस्थापन | १९,९३,८३७/९२ | १,०००/- | ५०,०००/- | २०८०/०१/१९ |

प्रमुख प्रशासकीय अधिकृत

बलराम लम्साल
प्रमुख प्रशासकीय अधिकृत